स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल

Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

कान्तिपुर

# प्राधिकरण र उद्योगीबीच विवाद बढ्दा बिजुली खेर जाने चिन्ता



काठमाडौं (कास)- नेपाल विद्युत् प्राधिकरण र उद्योगीहरूबीच डेडिकेटेड र ट्रंकलाइन बक्यौता विवाद बढ्दा बिजुली खेर जाने जोखिम बढ्दै गएको छ। प्राधिकरण र व्यवसायीबीचको बक्यौता विवादले बिजुली खेर जान सक्ने भन्दै स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले सोमबार प्रेस विज्ञप्ति नै जारी गरेको छ।

'प्राधिकरणले उद्योगहरूको लाइन काट्न थालेको र त्यसविरुद्ध केही उद्योगले तालाबन्दी गरेर उद्योग बन्द गर्ने भनेर सार्वजनिक गरेपछि यसले निजी क्षेत्रका ऊर्जा प्रवर्द्धकलाई चिन्ता बढाएको छ,' विज्ञप्तिमा भनिएको छ, 'वर्षभरि उत्पादन हुने बिजुलीमध्ये ७० प्रतिशतभन्दा बढी वर्षामा उत्पादन हुने र यही बेला कम खपत भए यसले आयोजनाको आर्थिक अवस्थामा असर पार्छ भने लाइन काट्ने क्रमसँगै खपत कम घट्दा त्यसको असर आयोजनामा देखिन थालिसकेको छ।'

सामान्य अवस्थामा समेत बिजुली खेर गएर निजी क्षेत्रका आयोजनाहरूले समस्या भोगिरहेका बेला भएका उद्योग व्यवसायसमेत बन्द हुने परिस्थितिले आयोजनाहरूको आम्दानीमा गम्भीर असर पर्ने इप्पानको भनाइ छ। 'ऊर्जा उत्पादन गर्ने कम्पनी, खपत गर्ने उद्योग र यसको व्यवस्थापन गर्ने विद्युत् प्राधिकरणबीच सौहार्दपूर्ण सम्बन्धले ऊर्जा क्षेत्रको विकास हुने भएकाले अहिले देखिएको विवादको व्यवस्थापन गर्न ढिला भइसकेको छ,' विज्ञप्तिमा उल्लेख छ। तसर्थ विधिसम्मत रूपमा समाधान गरी निजी क्षेत्रले उत्पादन गर्ने बिजुली खेर नजाने वातावरण बनाउन इप्पानको आग्रह छ।

यसैबीच प्राधिकरणले डेडिकेटेड तथा ट्रंकलाइनबाट विद्युत् खपत गरेको बक्यौता महसुल बुझाउन किस्ताबन्दी सुविधा दिएको छ। प्राधिकरण सञ्चालक समितिको ९७८ औं बैठकले डेडिकेटेड फिडर तथा ट्रंकलाइनबाट ०७२ माघदेखि ०७५ वैशाखसम्म विद्युत् उपभोग गरेका उपभोक्ताले प्राधिकरणलाई तिर्न बाँकी रहेको विद्युत् महसुल अधिकतम २८ मासिक किस्तामा भुक्तानी गर्न सक्ने गरी किस्ताबन्दी सुविधा उपलब्ध गराएको सोमबार जारी सूचनामा उल्लेख छ। तर डेडिकेटेड तथा ट्रंकलाइनका उद्योगीले विज्ञप्ति जारी गर्दै आफूहरूले किस्ताबन्दी सुविधा नभई अतिरिक्त महसुल तिर्नुपर्ने प्रमाण मागेको बताएका छन्।

'विद्युत् महसुल अधिकतम २८ मासिक किस्तामा भुक्तानी गर्न सक्ने गरी किस्ताबन्दी सुविधा उपलब्ध गराउने निर्णय हामीले माग्दै आएको विषयभन्दा फरक हो,' विज्ञप्तिमा भनिएको छ, 'डेडिकेटेड ट्रंकलाइनको हकमा तोकेका सर्त पूरा हुने गरी प्राधिकरणले प्रमाण दिएको हदसम्म सबै महसुल चुक्ता गर्ने जानकारी गराउँदासमेत अतिरिक्त महसुल बुझाउनुपर्ने आधार र कारण प्राधिकरणले दिन सकेको छैन।'